संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या -४८
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल भदौ ०६ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको ०१:१५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समयमा ग्वार्को स्थित किष्ट अस्पताल प्रशासनको गम्भीर लापरवाहीको कारण शल्यकृयाको क्रममा बर्दिया जिल्लाकी २७ वर्षीय युवतीको मृत्यु भएको, सिन्धुली जिल्लाको कमला पुल निर्माण कार्य सम्पन्न भएको केही समयमै बाढीले क्षति गरेकोले उक्त पुल अविलम्व पुनर्निर्माण गर्नुपर्ने, जाजरकोटमा अस्थाई आवासमा बसोबास गर्दै आइरहेका एकै परिवारका तीनजनाको पहिरोले पुरिएर मृत्यु भएको, भेरी नगरपालिकामा पहिरोले घर भत्किदा एक व्यक्तिको मृत्यु भएको, भ्रष्टाचारको मुद्दामा हदम्याद लगाउन नहुने, सोलुखुम्वु जिल्लाको थामेमा हिमताल फुटेर घर, होटल, मेडिकल इत्यादी बगाउँदा ठुलो जनधनको क्षति भएको साथै थामे जलविद्युत आयोजनाको बाँध भत्किएर क्षति भएको, नौबिसे नागढुङ्गा सडक खण्डमा पहिरो खस्दा यातायात अवरुद्ध भएको, मकवानपुर, बारा, पर्सा र जितपुर नगरपालिकाका केही क्षेत्रहरुमा पर्सा राष्ट्रिय निकुञ्जको एक हिंसक हात्तीले आतङ्क मच्चाउँदा स्थानीय बासीको जनजीवन प्रभावित हुनुका साथै कृषि बाली र घरहरुमा समेत क्षति गरेको, सिन्धुली जिल्लाको चियाबारी नजिकै बलेरो गाडी दुर्घटना हुँदा ३ जना यात्रीको मृत्यु भएको, भक्तपुर जिल्लाको गट्ठाघरमा ट्राफिकले गाडीको गति चेकजाँच गर्ने क्रममा स्कुटरलाई रोक्दा पछाडिबाट आएको मालबाहक ट्रकले उक्त स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालकको घटनास्थलमा मृत्यु भएको, खोटाङ जिल्लामा विद्यालय जाने क्रममा पहिरोले पुरिएर एक शिक्षिकाको मृत्यु भएको, त्रिभुवन विश्वविद्यालयका पदाधिकारीहरु केही समयदेखि सुरक्षाको कारण देखाउँदै कार्यालयमा अनुपस्थित रहेका, शिक्षा क्षेत्रलाई दलीय राजनीति मुक्त बनाउनु पर्ने, रौतहट र सर्लाही जोड्ने वाग्मती नदी किनार क्षेत्रमा तटबन्ध गरिनुपर्ने, बाँके जिल्लाको राप्तीसोनारी गाउँपालिकामा तरुण दलका दुई युवाहरुमाथि वडा अध्यक्ष सहितको समुहद्वारा ज्यान मार्ने उद्देश्यपूर्ण ढङ्गबाट खुँडा प्रहार भएको, ललितपुर महानगरपालिका वडा नं. १६ स्थित एक घरमा आगलागी हुँदा ठुलो क्षति भएको, दोलखा जिल्लाको विभिन्न स्थानमा पहिरो जाँदा सडकहरु अवरुद्ध भई जनजीवन प्रभावित भएको, भूकम्प प्रभावित क्षेत्र जाजरकोट जिल्लामा अस्थाई टहरामा बसिरहेका प्राकृतिक प्रकोप पिडित नागरिकहरु बाढी पहिरोको उच्च जोखिममा रहेकोले तत्काल उचित व्यवस्थापन गर्नुपर्ने, बर्दिया जिल्लाको मधुवन र बारबर्दिया नगरपालिकाबाट खसी खरिद गरी गुलरिया लाँदै गरेको अवस्थामा प्रहरी प्रशासनले नियन्त्रण र जफत गरी लिलामी गरेको, ओखलढुङ्गास्थित पहिरे खोलाले सडक र बाटो अवरुद्ध गरेको साथै उक्त खोलामा पुल निर्माण नहुँदा जनताले सास्ती खेपिरहेको लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० संजय कुमार गौतम
२. मा० प्रेम बहादुर महर्जन
३. मा० शक्ति बहादुर बस्नेत
४. मा० रवि लामिछाने
५. मा० रोशन कार्की
६. मा० कृष्ण कुमार श्रेष्ठ
७. मा० सुशिला थिङ
८. मा० सरस्वती बजिमय
९. मा० लेखनाथ दाहाल
१०. मा० सुमना श्रेष्ठ
११. मा० राज किशोर यादव
१२. मा० रामकृष्ण यादव
१३. मा० राम कुमार राई
१४. मा० डा० अमरेश कुमार सिंह
१५. मा० शंकर भण्डारी
१६. मा० लिलानाथ श्रेष्ठ
१७. मा० ईश्वर बहादुर रिजाल
१८. मा० मैना कार्की
१९. मा० अब्दुल खांन
२०. मा० रामहरि खतिवडा

त्यसपछि शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० ठाकुर प्रसाद गैरे
२. मा० डोल प्रसाद अर्याल
३. मा० दामोदर पौडेल बैरागी
४. मा० दिपक गिरी
५. मा० दिपक बहादुर सिंह
६. मा० दुर्गा राई
७. मा० देवि प्रकाश भट्टचन
८. मा० देवेन्द्र पौडेल
९. मा० डा० धवल शम्शेर जंग बहादुर राणा
१०. मा० नागिना यादव
११. मा० नारायण प्रसाद आचार्य
१२. मा० नारायणी शार्मा
१३. मा० निशा डांगी
१४. मा० प्रतिमा गौतम
१५. मा० प्रतिक्षा तिवारी
१६. मा० प्रभु हजरा
१७. मा० प्रेम बहादुर आले
१८. मा० प्रेम सुवाल
१९. मा० बासुदेव घिमिरे
२०. मा० बिन्दबासिनी कांसकार
२१. मा० बिनिता कठायत
२२. मा० बिमला सुवेदी

तदुपरान्त माननीय भौतिक योजना तथा पूर्वाधार मन्त्री देवेन्द्र दाहालले आकस्मिक, शून्य र विशेष समयमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७७ बमोजिम माननीय चन्दा चौधरीलाई महिला तथा सामाजिक मामिला समितिबाट कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा रहने गरी हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७९ को परिच्छेद-९ बमोजिम प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको लागि सोही नियमावलीको नियम ५८ बमोजिम निम्नलिखित माननीय सदस्यहरुबाट सोधिएका प्रश्नहरुको सम्माननीय प्रधानमन्त्री के पी शर्मा ओलीले जवाफ दिनुभयोः-

१. मा० डा० नारायण खड्का
२. मा० नारायण प्रकाश साउद
३. मा० नारायणी शर्मा
४. मा० नारायण प्रसाद आचार्य
५. मा० नैनकला थापा
६. मा० पूर्ण बहादुर घर्ती मगर
७. मा० पुष्प बहादुर शाह
८. मा० नागिना यादव
९. मा० पशुपति शम्शेर जबरा
१०. मा० निर्मला कोइराला
११. मा० पदम गिरी
१२. मा० निशा डांगी

त्यसपछि सम्माननीय सभामुखले "धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८१" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम माननीय प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात् उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक माननीय प्रेम सुवालले विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विधेयक प्रस्तुतकर्ता माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु प्रसाद पौडेलले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले विरोधको सूचना दिनुहुने माननीय प्रेम सुवाललाई आफ्नो विरोधको सूचना फिर्ता लिन समय दिनुहुँदा फिर्ता लिन नचाहनु भएकोले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्न लाग्नुहुँदा माननीय सुमना श्रेष्ठले गणपुरक संख्या नपुग रहेको भन्नुहुँदै प्रश्न उठाउनु भएपछि ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्दा उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्न गणपुरक संख्या ६९ हुनुपर्नेमा सदस्यहरुको संख्या ८६ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या पुगेको हुनाले बैठकको कार्यक्रम अगाडि बढने व्यहोरा जानकारी गराउनु हुँदै उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि "धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८१" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०६ बमोजिम माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु प्रसाद पौडेलले "धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८१" प्रस्तुत गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम माननीय प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात् उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक माननीय प्रेम सुवालले विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विधेयक प्रस्तुतकर्ता माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु प्रसाद पौडेलले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विरोधको सूचना दिनुहुने माननीय प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि "आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०६ बमोजिम माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु प्रसाद पौडेलले "आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१" प्रस्तुत गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८१ साल भदौ ११ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी बैठक साँझको ०६:०० बजे स्थगित भयो ।

सुरेश अधिकारी
प्रतिनिधि सभाको सचिव